**प्रदेश सभा**

**सुदूरपश्चिम प्रदेश**

२०७७/०२/२७

छैटौं अधिवेशन

(बाह्रौंबैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. **माननीय सदस्यहरू,**

यस सभाको छैटौं अधिवेशनको बाह्रौं बैठकको कार्वाही प्रारम्भ हुन्छ

२. **माननीय सदस्यहरू**

समसामयिक विषयमा बोल्नका लागि शून्य समय माग भई आएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम शून्य समय निर्धारण गरेको छ। शून्य समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि ३ मिनेटको समय निर्धारण गरेको छ।

**सर्वप्रथम माननीय हर्क बहादुर कुँवरलाई समय दिन्छु।**

माननीय सभामुख महोदय, अछाम जिल्लाको बयलपाटा अस्पतालमा हिजो २६ गते साफे नगरपालिका वडा न ६ सिद्धार्थ आउजीको २४ बर्षको उमेरमा २ बर्ष देखि कार्यरत निज अस्पतालमा सरसफाइ कर्मचारी हुनुहुन्थ्यो र अस्पताललाई समस्या परेको कारणले केहि कर्मचारीहरु लाइ त्यहा बाट ३ महिना पछि नीकाल्ने भन्ने एउटा परिपत्र जारि गरिएको अवस्थामा त्यहाका निज सिदार्थ आउजीले हिजो बिहान अस्पतालको अगाडि गेटमा आफ्नै जीउमा पेट्रोल छर्केर उहाको उपचारको क्रममा नेपालगञ्जमा निधन भयको खबर प्राप्त भएको सुन्दा अत्यन्त दुख लागेको छ । मृतकको चिरशान्तीको कामना गर्दै उहाप्रति श्रद्धाञ्जली अर्पण गर्छु र शोकाकुल परिवारप्रति धैर्यधारणको कामना गर्दछु । सभामुख महोदय, अछाम जिल्ला मात्र होइन नेपालको एक नमुना अस्पतालको रुपमा रहेको कायालफाटा हेल्थ अस्पताल अहिले पनि जनतालाइ सेवा सुबिधा दिइरहेको अवस्थामा आर्थिक मन्दीका कारण केहि जले सहयोग गरिराको अवस्थामा जुन संस्थाले सहयोग गरिराको अवस्थामा केहि रकम नपुग भको कारणले कर्मचारिलाइ केहि कम गर्ने उदेश्यले आर्थिक मन्दीको कारणले निजले आफ्नै जिउमा मट्टितेल छरकेको कारण अस्पतालाइ समेत समस्या परेको देखिन्छ उक्त मृतकलाइ त्यहा क्षतिपूर्तिको लागि र निजका परिवार श्रिमति लाइ सोहि अस्पतालमा रोजगारिका लागि व्यवस्था गर्नको लागि सभामुख मार्फत म प्रदेश सरकारलाइ ध्यानाकर्षण गर्न चाहान्छु र सम्बन्धित निकायलाइ पनि ध्यानाकर्षण गराउन चाहान्छु सभामुख महोदय त्य२स्तो अस्पताललाइ अहिलेसम्म डोटि बाजुरा र कालिकोटका जिल्ला का आदरणीय दाजुभाइ दिदिबहिनि हरुलाइ महत्वपुर्ण सुबिधा दिइरहेको अवस्थामा आर्थिक कारणले अब प्रदेश सरकारले केहि प्याकजको रुपमा कार्यक्रमका लागि व्यवस्थापनका लागि र त्यहाका अन्य मेडिसियन सामानको लागि प्याकेजको व्यवस्थाका लागि रकमको व्यवस्था गरियोस भन्ने म सभामुख

मार्फत म अनुरोध गर्न चाहान्छु । आदरणीय सभामुख महोदय अब अहिलेको महामारीले गर्दा कोरोनाको महामारीले गर्दा सम्बन्धित अस्पतालका ठाउठाउमा रहेका सवै जनतालाइ सुबिधा दिइरहेको अवस्थाले त्यहाको यो कोरोनाको महामारीलाइ पनि उचित राहतको लागि व्यवस्था गरियोस भन्ने पनि अनुरोध गर्न चाहान्छू साथै हामीले गत बर्ष यस प्रदेश अन्तर्गतका बाढीपिडित चटयाङ लागेका र अन्य

**माननीय अक्कल बहादुर रावल**

माननीय सभामुख महोदय, अछाम जिल्लाको बयलपाटा अस्पतालमा घटेको दुखद घटना जो छ यसले हाम्रो सुदूरपश्चिममा पनि अत्यन्तै एउटा दर्दनाक घटनाको रुपमा यसले रुप लिएको छ । त्यसलै यस घटनाको सन्दर्भमा निष्पक्ष छानविन गरी त्यसको समाधान कसरी निकाल्न सकिन्छ त्यता पट्टि प्रदेश सरकार र संघीय सरकारेको ध्यान जाओस भन्न चाहान्छु । सभामुख महोदय मार्फत साथ साथै अहिले यति बेला कोभिड-१९ कोरोना आइसोलेशन, पिसिआर, क्वारेन्टाइन धेरै कुराहरु सुनिन्छन अहिले विश्वमै धेरै कुराहरु सुनिन थालेका छन हामी नया शब्दहरु सुन्न थालेका छौ यसबाट पनि बिशेस गरिकन बिदेशबाट आयका युवाहरु जुन छन बिभिन्न क्वारेन्टाइनमा बसेका छन र उनीहरुको व्यवस्थापन राम्रो सँग हुन नसकिराखेको र उनिहरुले खाने बस्ने समेतको राम्रो प्रबन्ध नहुदा ठुलो आक्रोसको आगो भित्र भित्रै दन्किराखेको हामीले पाउछौ यसैले यो तर्फ पनि कुनकुन ठाउमा त्यो व्यवस्थापन हुन सकेन राज्यको स्रोत लगानि हुदाहुदै पनि राम्रोसँग व्यवस्थापन हुन नसकेका ठाउमा अनुगमन गरि ति ठाउहरुमा स्रोत लगानि उपयुक्त ठाउमा नभयका ठाउहरुमा फेरि छानविन गरेर अलि लक्षित बर्ग हरु जो ठाउमा जुन बर्गलाइ जुन समुदायलाइ भनेर हामीले त्यो एउटा खालको प्रदेश सरकारले पनि प्याकेजको कार्यक्रम घोषणा गरेको थियो त्यो अनुसार हामीले त्यसको पनि छानविन गर्न जरुरि छ र साथसाथै हामी यो प्रदेश सभामा बहस गरिराखेको छौ र यति बेला बजेट निर्माणको चरणमा पनि हामी प्रबेश भइराखेको हुदाखेरि यदाकदा सुनिन्छ हामी विधायक मात्रै हुम हामीले बिकास निर्माणमा ध्यान हुदैन भन्ने कुरा पनि सुनिन्छ त्यसैले गर्दा हामी विधायक मात्रै हौ हमिले कानुन मात्रै निर्माण गर्ननुपर्दछ या जनताका ठुला अपेक्षाहरु जनताको ठुलो अभिभारा र जनताको ठुलो जनमत लियर हामी उनिहरुका अपेक्षा पुरा गर्नका निम्ति जनप्रतिनिधि समेतको भुमिका हामी निर्बाह गर्नुपर्ने हामी सँग त्यो दायित्व छ यतातिर पनि सरकारले ध्यान दिन जरुरि छ त्याका निम्ति हामीले जन प्रतिनिधिहरु भयको नाताले जनताका समस्याहरुलाइ बिकास निर्माणका कुराहरुलाइ यथोचित ढङ्गले समाधान गर्ने दिशातिर लैजानका निम्ति अनुरोध गर्दै बिदा हुन्छु धन्यवाद ।

**माननीय अमर बहादुर साउँद**

सभामुख महोदय, साँफेबगर नगर पालिका वडा नं.४ भागेस्वरका सिद्धार्थ आउजीको बयालफाटा हस्पिटलका कर्मचारी भर्खरै उहाले पेट्रोल छर्केर जुन आत्महत्या गरेका छन् । घटना प्रति र

मृतक प्रति हार्दिक श्रदान्जलि ब्यक्त गर्न चाहान्छु र शोकसन्तप्त परिवारमा समवेदना प्रकट गर्न चाहान्छु र निजका श्रिमतिको रोजगारीको सुनिश्चितता र छोराछोरिको निशुल्क पठन पाठनको लागि प्रदेश सरकार सँग माग गर्न चाहान्छु । सभामुख महोदय विस्व महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसका कारण दैनिक हजारौ मजदुर भारतबाट आउने क्रम अजै रोकियको छैन दिनप्रतिदिन बढ्दै गइरहेको छ घोडाघोडि नगरपालिका मेरो चुनावी क्षेत्र को मात्रै कुरा गर्दा आजको दिनसम्म ३,९४१ जना क्वारेन्टाइनमा रहेको अवस्था छ र सवै सरकारी तथा निजि बिद्यालयहरु भरिभराउ छन र गत १९ र २३ गते सम्मको आर डिटि पोजेटिभ टेस्टिङबाट पोजेटिभ भयका को सङ्ख्या ६३ छ र अहिलेसम्म तिनिहरुको पिसिआर परिक्षण नभइरहेको अवस्था छ र ति सम्पुर्ण क्वारेन्टाइनमा रहेका दाजुभाइलाइ सम्हाल्नै नगरपालिकालाइ धौधौ परिरहेको अवस्था छ यस्तो अवस्थामा म प्रदेश सरकारको गम्भिर ध्यानाकर्षण गर्न चाहान्छु र यथाशिघ्र ति क्वारेन्टाइनमा रहेका को आरडिटि तथा पिसिआर परिक्षणको लागि प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहान्छू र साथै कैलाली कञ्चनपुरमा अथावा सुदुरपश्चिम प्रदेशमा वर्षायाम शुरु भैरहदा धान बालि लगाउने कृषकहरुको चटारो अब शुरु हुदै छ यस्तो महत्वपुर्ण बेलामा जुन कृषकहरुलाइ आवश्यक पर्ने रासायनिक मलको चरम अभाव सुदुरपश्चिम प्रदेशमा भयको छ र सहकारिमा दशौ घण्टा अथवा दिनभरि लाइन लागेर पनि एउटा कट्टा मलको लागि दिन काट्नु परेको अवस्था छ यस्तो अवस्थामा प्रदेश सरकारको स्व समस्यालाइ समाधान गर्नका लागि आवश्यक पहल कदमि र रासायनिक मलको आपुर्तिका लागि गन्भीर ध्यानाकर्षण गर्न चाहान्छु धन्यबाद

**माननीय अम्बी कुमारी थापा**

सभामुख महोदय, अछाम जिल्ला बयलफाटा हस्पिटलमा कार्यरत सिद्धार्थ आउजीले जागिरबाट निकालेकै कारण आफ्नै शरिरमा पट्रोल छर्केर आगो लगायको र उहाको हिजो मात्रै मृत्यु भयको छ मृत आत्माको चिरशान्तीको कामना गर्दछु र त्यहा बिभिन्न राजनीतिक दल बसेर मिटिङ्ग गरेर अहिले तत्काल योमहामारीको अवस्थामा जागिरबाट निकाल्नु हुदैन हामीले केहि ब्यवस्था गर्छु भनेर थुप्रै राजनीतिक दलले मिटिङ बस्दा पनि त्यहाको प्रशासनले नमानेर निकालेको अवस्थामा उहाले मृत्य हुनुपरेको छ त्यसैले यसको सत्य तथ्य छानविन भइ दोषिलाइ कारवाहि हुनुपर्छ भन्ने कुराहरु म माग राख्न चाहान्छु अर्को कुरा उहाले आफ्नो गरिबि भयको कारण र आफ्नो अरु कुनै बाच्ने आधार नभयको कारणले आत्महत्या गर्नुपरेको हामीले पुष्टी गरेको पायका छौ र उहाको श्रिमतिलाइ त्यहि बयलफाटा हस्पिटलमा प्रदेश सरकारले जागिरको व्यवस्था गरोस र उहाका दुइटा बच्चा छन एउटा छ वर्षको छोरा र एउटा १० महिनाको बच्ची छ त्यसलाइ प्रदेश सरकारले उच्च शिक्षा सम्मनको निशुल्क व्यवस्था गरिनुपर्छ भन्ने कुराहरु म माग गर्न चाहान्छू र अहिले एउटा सिदार्थ आउजि मात्रै होइन थुप्रै नेपाली हाम्रा युवाहरुले यस्तै गरेर आत्महत्या गर्नुपर्ने परिस्थिति आउन लागेको छ त्यसैले प्रदेश सरकारले गम्भिर रुपमा सोच्न जरुरि छ प्रदेश सरकारले अब यहा भाषणमात्र दियर हुने वाला छैन प्याकेजका आधारमा पनि युवाहरुलाइ कसरि रोजगार दिलाउने र

युवाहरुलाइ कसरि कृषिसँग आबद् गराउने भन्ने कुराहरु पनि सिच्न जरुरि छ अर्को कुरा म के भन्न चाहान्छु भने यो आरडिटि भन्ने जुन छ यो आरडिटि भनेको यो प्रदेश सरकारले खरिद गर्न उचित छैन अब पिसिआर नै खरिद गर्नुपर्छ र पिसिआर मार्फत हाम्रा जनताहरुको उचित चेकजाच हुनुपर्छ भन्ने कुराहरु पनि भन्न चाहान्छु । अछाम जिल्लाको कुरा गर्नुपर्दा अछाम जिल्लामा थुप्रै बिद्यालयहरुमा भरिभराउ क्वारेन्टाइनमा रहेका बिदेशबाट आयका युवाहरु छन र त्यहा यो पिसिआर आरडिटि नभयकै कारणले चेकअप नभयकै कारणले घर जाने वातावरण बनेको छैन प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहान्छू र यो यउटा मात्र मेसिन जुन अस्ति हाम्रो मुख्य मन्त्रीले नै बोल्नुभयो अब प्रदेश सरकार रसारमा दौडिन्छ भन्ने उहाले बोलेकै पछिल्लो दिनबाट यो यहाको चेकअप गराउने जुन मेसिन थियो त्यो ५ दिनका लागि बन्द भयको कुराहरु हामीले सुन्न पायका छु यो रफ्तार भनेको एकदिनका लागि जनताहरुलाइ ५ दिनसम्म सेवा नदिनुनै रफ्तार हो कि भन्ने कुरा पनि बुजिरहेका छौ? त्यसैले प्रदेश सरकारले अरु मेसिन र अरु जनशक्ति पनि उलब्ध गरायर अरु जिल्लामा पनि मेसिनहरु खरिद गरेर तिब्र रुपमा चेकअप गरायर सम्बन्धित जिल्लामा पनि यो आरडिटि चेक गर्ने पिसिआर चेक गर्ने मेसिनको खरिद गर्न जरुरि छ भण्ने कुराहरु भन्न चाहान्छु ह्वस्त धन्यबाद, जय नेपाल ।

**माननीय उमा कुमारी वादी**

धन्यबाद सभामुख ज्यु यो सवैभन्दा पहिले त प्रदेश सरकारको ध्यान आकर्षण गर्न सभामुख मार्फत म चाहान्छु यो जुन कोरोना टेष्ट गर्ने कुरा एकदमै जोडका तोडलेगर्नुपर्छ हेन भने जनताले हामीसँग सोधेभने हामीछग जवाफ छैन त्यसकारण यो पिसिआर चेक बढाउनुपर्छ । अर्को कुरा यो क्वारेन्टाइनको कुरा गर्छु म साच्चिकै कोरोना प्रदेश सरकारको ध्यान र दृष्टि एकचोटि त्यहा पुगोस कुन अवस्था को कुन हालमा छन भनेर आज पनि चौमाला को त्यो राजिपुर भन्ने ठाउमा त्यो क्वारेन्टाइनमा ११ जना दलितहरुले त्यहा बस्न वास पाएनन् त्यहा ठुलो घटना घटेको छ । त्यहा पनि प्रदेश सरकारको ध्यान जाओस अर्को कुरा यहानेरै चौकिडाँडाको क्वारेन्टाइनमा भरिको एकजना छोरि त्यो क्वारेन्टाइनमा बसेकि सहिछन त्यहा का बस्ने मानिसहरुले उलाइ पानि हालेर असाध्यै दुःख दियको अवस्था छ यसकारण स भामुख मार्फत म प्रदेश सरकारलाइ आग्रह गर्न चाहान्छू ति नेपाली दाजुभाइलाइ चेक गर्न का लागि पिसिआर ल्याउनका लागि यो हामीले गर्नु के पर्छ भने हामीलाइ चाहियको छैन सुविधा हामीलाइ ति नेपाली दाजुभाइको ज्यान चाहियको छ तिनलाइ सुविधाजनक क्वारेन्टाइनमा राख्नुपर्यो हैन भने हामीलाइ योजना बजेट हामीलाइ चाहियको होइन जब सम्म नेपाली दाजुभाइ बच्दैनन् हामीलाइ त्यो पानि के चाहियो? सडक के चाहियो? अर्को कुरो मलाइ भन्नै मन लाग्यो मैले अस्तिबाटै सुनिराख्या छु कि साच्चिकै क्वारेन्टाइनमा बस्ने दाजुभाइ दिदि बहिनिलाइ एकदमै राम्रो सबिस्था छ आज पनि गयर हामी २/४ ठाउनमा गयर हामी हेर्दा खेरि त्यहा भुइमा सुतेका छन मान्छे बेलाबखतमा तातो पानमि समेत पायका छैनन् एकदमै कहालि लाग्दो अवस्था छ मैले अगिनै भनि सके जनतालाइ बचाउनुपर्यो नेपाली दाजुभाइलाइ बचाउनुपर्यो भनेर अब आउने दिनहरुमा राहतको एकदमै खाचो छ अब बाड्नुपर्यो

राहत किनभने राहतको आवश्यकता अब छ र अबका दिनमा राहत बाडियो भने क्रियाशिल सदष्य या मेरो चुनावमा खटियको ब्यक्ति भनेर त्यस्तो कुरा चाहि नआवस जस्ले पाउने हो त्यस्ले पाओस म जान्ने सुन्नको चेन लगाउने मान्छेले त्यो राहत नल्यायोस र नदिइयोस अर्को कुरा साच्चिकै  गरेर प्रदेश सरकारले असाध्यै राम्रो काम गर्या छ भनेर हामीले हिजो अस्ति कता सुनिम । अब के राम्रो काम गर्या रैछ भन्दा खेरि क्वारेन्टाइनमा गएर हेर्दा बुजिन्छ कति राम्रो कति असल गयरैछ भन्ने कुरा थाहा भयो भन्यवाद ।

**माननीय कर्ण बहादुर मल्ल**

माननीय सभामुख महोदय अब हामी सबैका घरहरु क्वारेन्टाइनमा परिणत हुदैछन सिवाय हाम्रो प्रदेशको मुख्य मन्त्री ज्यु र मन्त्री ज्युका निवासहरु बाहेक र जति पनि क्वारेन्टाइनहरु स्थापित भयका छन प्रदेश सरकारको अनुपम कृपाले ८८ वटै स्थानीय तहलाइ ३ लाख रुपियाबाट निर्मित क्वारेन्टाइनहरु अब आइसोलेसन बेडमा परिणत हुदैछन अथवा कोरोना भाइरस रोगबाट संक्रमित बिमारिहरुलाइ राख्ने अस्पतालका रुपमा परिणत हुदैछन र सरकार यो आर्थिक बर्षको जुन बजेट छ त्यलाइआफुकेन्द्रित रकम कति खर्च ग्रन सकिन्छ त्यो खर्च गर्ने ध्याउनमा बाकि फ्रिज कसरि गर्न सकिन्छ त्यो धाउनमा तल्लिन भयको देखिन्छ सभामुख महोदय यो भन्दा निर्किष्ठ निर्लज्ज सरकार सम्बभ त दुनियाको उदाहरण दिउ हाम्रै देशका अरु ६ वटा प्रदेशमा छैन सभामुख महोदय  त्यो कारण आरडिटि परिक्षणको नाउमा मनोबज्ञानिक रुपमा त्रासको वातावरण खुलाको छ सभामुख महोदय यो यथा शिघ्र बन्द गरिनुपर्छ पिसिआर मेसिन ३० लाख देखि ८० लाख रुपिया सम्म खरिदमा पाउने रैछ अहिले बिभिन्न सामाजिक सञ्जालमा सार्बजनिक भयका छन ७८ दिन पुग्दै गर्दाखेरि पनि यि पिसिआर मेसिन खरिद गर्न नसक्ने यो भन्दा निकम्म निर्लज्ज जनताप्रति कुनै पनि जवाफदेहिता नभयको सरकारका बारेमा अब धैरै टिकाटिप्पणी गर्नुपर्ने शब्दहरु पनि खोज्नुपर्ने अवस्था आयको छ  सभामुख महोदय त्यो कारण यो सरकार अब सरकार रहेन यो सरकार अब निर्लज्ज हरुको एउटा समुह रह्यो यो सरकार जनता विरोधिहरुको एउटा गुठ हयो यो सरकार जनताका नाउमा आयको जति पनि जति पनि जनताले तिरेको राज्य कोषमा तिरेको पैसा छ त्यलाइ दोहन गर्ने एउटा गिरोहमा परिणत भयो सभामुख महोदय हामी हरेक समयमा यो प्रदेश सभाका सांसदहरु बोलिराखेका छौ बिशेस समयमा बोलिराखेका छौ नियमित समयमा बोलिराखेका छौ झ्याप झ्यापे समय लियर बोलिराख्या छौ सभामुख महोदय मार्फत उपलब्ध गरायको शुन्य समयमा बोलिराख्या छौ तर सरकार सुनिराखेको छैन दुर्भाग्य छ हाम्रै पर्देश का चेलिहरु बलत्कृत हुन्छन मारिन्छन हाम्रै प्रदेशका जनप्रतिनिधिहरु मारिन्छन हत्यारा पत्ता लाग्दैन हाम्रै प्रदेशका जनप्रतिनिधिहरु क्वारेन्टाइनको व्यवस्थापनमा मारिन्छन त्यो मारियका जनप्रतिनिधि का घर परिवारलाइ राहत दिन यो सरकारले स्वर्ग लोकबाटको सन्देश पर्खिराखेको छ अथवा कसको सन्देश पर्खुराखेको छ सभआमुख महोदय नभन्दै हाम्रै प्रदेशमा एउटा अस्पतालामा काम गरिराखेको नागरिकले आत्मदाह गर्नुपर्ने अवस्था आउछ सभामुख महोदय यो भन्दा निर्लज्ज सरकार सम्बभ त दुनियामा हिजो त छदै थियन इतिहास हेर्दाखेरि भविष्यमा पनि नआओस धन्यबाद ।

**माननीय कुन्ती जोशी**

माननीय सभामुख महोदय बिशेस गरि सुदुरपश्चिमकै हकमा अहिले एउटा किसिमको कोरोनाकै महामारीको रुप लियको छ यसकालागि व्यवस्थापनका लागि जो प्रदेश सरकारले पनि आफ्नो तर्फबाट जुन प्रयत्नशिल रहेर अगाडि बढिराखेको छ र हुदाहुदै पनि कतिपय काम पनि जटिलता होलान या केहि होला सरकारकोतर्फबाट यि सवै कुराहरु र सबै पक्रियाहरुलाइ अगाडि बढायर विशेस गरि कोरोनाको रोकथामको लागि जो अगाडि बढाउने परिस्थिति हो समयमै बढाउदा बढाउदै पनि कतिपय जटिलताहरुलाइ चिर्न नसक्ने अवस्था जो आयको छ त्यसका निमित सरकारले पनुः एकचोटि व्यवस्थापकि हिसाबले अलि केहि जटिलता आयो कि भन्ने कुराहरुको पनि ध्यानाकर्षण होस भन्ने चाहान्छु र विशेस गरि डडेल्धुरा जिल्लामा अहिले क्वारेन्टाइनमा करिबन ४५ सयको हाराहारिमा डडेल्धुरा जिल्लामा रहेको र सवैमध्ये करिबन १७ सय क्वारेन्टाइनमा बसेका हाम्रा नागरिकहरु अहिले पिसिआरको माध्यम द्वारा केहि निको भयर कोरोनाइ लागेर पनि निको भयर कोरोनालाइ जितेर पनि केहि ब्यक्तिहरु घर फर्कियका छन भने केहि आरडिटिको माध्यब्वारा परिक्षण गरेर भय पनि करिबन यि सवै लागेर १७ सय नागरिकहरु विशेस गरि डडेल्धुरा जिल्लाको हकमा घर फर्कियको अवस्था पनि छ र यसै सन्दर्भमा डडेल्धुरा जिल्लालाइ बिशेसगरि आवश्यकता अहिलेको परिस्थितिमा मैले त्यहाका स्वास्थ्य कार्यालयहरुमा पनि बुज्दाखेरि उहाहरुको अनुरोध के थियो भने करिबन डडेल्धुरा जिल्लाको हकमा ५ सय जति किटहरु हामीलाइ आवश्यकता छ यहाहरुले उपलब्ध गराइदिनिहुनेछ भन्ने हामी मार्फत सरकारलाइ अनुरोध गरेको छ यहि अनुरोध मैले पनि सभामुख मार्फत सरकारलाइ अनुरोध गर्न चाहान्छु र अहिले विशेस गरि मैले एउटा जोडदारका साथ सभामुख मार्फत हाम्रो प्रदेश सरकार केन्द्र सरकार कहा हुन्छ समन्वय गरेर जुन भारतबाट आउने तरकारिहरु बिशेस गरि यो गौरिफन्टा नाकाबाट आउने तरकारि हरु हुन आलु र प्याज लाइ रोक्न को निमित्त मैले हार्दिक निबेदन पनि गर्न चाहान्छू कि न भने यस्तै चिजहरुबाट हामीलाइ बिशेस अजै ठुलो खत्रा र जोखिम आएको छ यो यसका लागि पहल गरियोस भन्न चाहान्छु र जुन बिशेस गरि कृषि क्षेत्रमा अहिले डडेल्धुरा जिल्लाको हकमा कृषिमा असाध्यै ठुलो जोखिम आयको छ हाम्रो मकै बालि अहिले भर्खरै लगायको छ कृषकहरुले र मकै बारिमा फौजि किराले असाध्यै ठुलो आक्रमण गरेको छ र सायद मलाइ लाग्दछ डडेल्धुरा जिल्लाको हकमा मात्रै होइन यो प्रदेशकै समस्या हो यसका निमित्त सभामुख मार्फत नै सम्बन्धित मन्त्रालयको अर्थात सरकारको मैले ध्यानाकर्षण गराउन चाहान्छु समयमै यसको औषधि उपचार र व्यस्थापनका लागि मैले अनुरोध गर्न चाहान्छु ।

**माननीय कुमारी नन्दा बम**

माननीय सभामुख महोदय कोरोनाक हरको डढेलो सुदुरपश्चिममा लागिसक्यो दार्चुला जिल्ला मा अहिले सम्म ११ जना पोजिटेभ देखियका छन गोकुलेश्वर मा बि को क्वारेन्टाइनमा हिजो मात्रै ८

जना पोजेटिभ देखिएका छन गोकुले क्षेत्र अहिले बन्दाबन्दि अवस्थामा छ त्यहाका जनता तर्सिरहेका छन डराइरहेका छन । सभामुख महोदय मुख्यमन्त्री भन्नुहुन्छ सुदुरपश्चिम प्रदेश सुतेको छैन दौडिरहेको छ र उहाले भनेको भोलिपल्ट देखि सदुरपश्चिम प्रदेशमा स्वाब कलेक्सन समेत बन्द भयको छ यसर्थ म सभामुख ज्यु मार्फत यो सरकार कता तिर दौडिदै छ? कता तिर गन्तब्य बनाइरहेको छ? यो सरकारलाइ त्यो दौडिने गन्तब्यबाट फर्किन म आग्रह गर्न चाहान्छू र क्वारेन्टाइनमा अहिले जम्माजम्मि ६४ हजार भन्दा बढी रहेको छन र दिनानुदिन दिन दुइगुना रात चौगुना को हिसाबले कोरोना पोजेटिभ देखिरहेका छन त्यसर्थ यो सरकारले यथाशिघ्र चेकअपको दायरालाइ अगाडि बढाउनुपर्छ भनेर हामीले पटक पटक भनिरहेका छौ तर सुनुवाइ हुन सकेको छैन । यो सरकारको सायद मलाइ लाग्छ कान बहिरो भैसकेको छ । त्यसैले यो सरकारले हस्पिटल गयर कानको चेकअप पनि गराओस सभामुख महोदय अहिले सुदुरपश्चिमका नागरिकहरु भन्छन अब यो सरकारले हामीलाइ बचाउन सक्दैन कोरोनाबाट जोगाउन सक्दैन त्यसर्थ यहाका उद्योगि, ब्यापारी, समाजसेवी, संघसस्थाहरुले अब आफै पैसाको जोहो गरेर कोरोनाको परिक्षण गराउने हो कि भनेर भन्दै छन तर बिडम्बना नेपाल सरकारले वन्डर सिस्टम ल्याको छ जुन ब्यक्तिहरु आफ्नो इच्छा शक्ति देखाएर कोरोनाको नियन्त्रण गर्नको लागि तम्सिरहेका छन एउटालाइ गाह्रो भैराको छ । नेपाल सरकारले वान्डोर सिस्टमलाइ परिवर्तन गर्नुपर्छ । सभामुख महोदय अहिले बिभीन्न स्थानिय तहहरुले भनिराखेका छन अव प्रदेश सरकारको र संघिय सरकारको मुख ताक्नु भन्दा पनि हामीले स्थानिय तह हरु मिलेर, समन्वय गरेर काम गर्नुपर्छ, धन्याद ।

**माननीय कृष्ण बहादुर चौधरी**

सभामुख महोदय म एउटा नया ब्यवस्था शिर्षकमा एउटा सानो कविता प्रस्तुत गर्न चाहान्छु लामो संघर्स भयो हजारौ निर्दोषको बलिदान भयो हजुर यकान्त केन्द्रिकृत राजतन्त्रको अन्त भयो हजुर व्यवस्ता फेरियो अवस्था उस्तै भयो  हजुर ओय सरकार पहिचान अनुसारको संविधान खोइ हजुर अस्ति खायो हिजोखायो आज पनि खायो अजै भोक मेटेन समानता समावेशि र सन्तुलित सिदान्त कहा हरायो हजुर व्यवस्था फेरियो अवस्था उस्तै भयो हजुर ओय सरकार ओय पहिचान सहितको संघियता खोइ हजुर जेठ महिना ३०% असारसम्म १०० कसो नपुग्ला हजुर सिधापाराले भयन भने बाङ्गो बाटो छदै छ हजुर व्यवस्था फेरियो अवस्था उस्तै रह्यो हजुर ओय सरकार ओय पहिचान सहितको संघियता खोइ हजुर बैशाख महिना  मा परियो जेठ महिना सम्झौता गर्न बोलायो हाम्रो उपस्थिति भयन भन्दै सम्झौता  नगरि घर पठायो हजुर सहमति पत्र लिइ फेरि बोलायो खोइ पुर्जा भन्दै फेरि रित्तै फर्कायो व्यवस्था फेरियो अवस्था उस्तै रह्यो हजुर ओय  सरकार ओय पहिचान सहितको संघियता खोइ हजुर सभामुख महोदय मैले प्रदेश पुर्बाधार कोष कार्यक्रम बाट पर्यटन इकाइमा मठमन्दिर चर्चको लागि मेले चारचार वटा योजना दियको थिय वैशाख महिनाको लास्टमा अन्तिम हप्ता यहाबाट प्राविधिक पठायर नापजोख गरेर ल्यसयो जेठको पहिलो हप्तामा स्टमेट तयार गरेर सम्झौता गर्न लाइ समितिलाइ बोलायो त्यसपछि उपभोक्ता समिति आयो

उपभोक्ता समिति आइसकेपँछि हाम्रो उपस्थिति खोइ भनेर हाम्रो उपस्थिति भयन भनेर उपभोक्ता समिति गठन गर्दाखेरि रित्तै फर्काइदियो सम्झौता नगरिकन फेरि बोलायो एउटा सहमति पत्र लियर आय तेत्रा लकडाउनका बेला मा फेरि यो संरचना बन्ने जग्गाको पुर्जा लियर आउ भनेर त्यतिकै फर्काइदियो म साह्रै पिडित छु अब यो पुर्वाधार बिकास कोष अन्तर्गतकै सहरि बिकासले धमाधम काम शुरु गरिसकेको छ शिक्षा इकाइले काम गरिसक्यो बिद्यालयको पर्खालहरु अनि यो किन गरेन म मन्त्रीसँग प्रश्न गर्न चाहान्छु मन्त्री तपाइ कस्तो मन्त्री हो तपाइ त्यहि कानुन मन्त्री

**माननीय गोविन्दराज बोहरा**

आज स्वास्थ्य क्षेत्रमा काम गरिरहेका ब्यक्ति उहाले आत्मादाहा गर्दा धेरै ठुलो दुख परेको छ आज यस प्रदेशमा आत्मदाहा गर्नुपर्ने परिस्थिति पनि उत्पन्न भो एकातिर कोरोना भाइरसको माहामरिले प्रदेश आक्रन्त भयको छ देश आक्रान्त भयको छ स्वास्थ्य क्षेत्रमा कर्मचारि थप्नुपर्ने अवस्थामा आज स्वास्थ्य क्षेत्रका कर्मचारिलाइ एउटा निडर दियर जागिरबाट बर्खास्त गर्ने जुन परिस्थिति उत्पन्न भो जसलेगर्दा काम गरिराखेका ब्यक्तिहरुमा निराशा उत्पन्न भो आत्मा दाहा हुने परिस्थिति भो यलाइ यो प्रदेश सरकारले कसरि हेर्छ यदि प्रदेशसरकार ले स्वास्थ्य क्षेत्रका अस्पताल भित्रका कुरा पनि हेर्न सक्दैन भने यो प्रदेश सरकारेको के काम त्यसैले अहिले कोरोना भाइरस को सम्बन्धमा देश ब्यापि रुपमा र यो प्रदेशमा लड्नुपर्ने महान एउटा अभियान मा लाग्नुपर्ने अबस्था हाम्रो सामुन्यमा छ र अहिले कार्पेट राम्रो नयाँ कार्पेट किनेर मन्त्रीक्वाटर भित्र जिमका हाउस खोल्ने कार्य होइन अहिले त्यो समय होइन, अहिले यो समय हो कोरोनाको बिरुद लड्नुपर्ने समय हो त्यसैले सम्पुर्ण कुरा छोडेर स्वास्थ्यको जाचँ कसरि गर्ने मान्छेलाइ कसरि बचाउने भन्ने कुरामा सरकारले जाने हो तर सरकारले बाटो फेरेको छ । हाम्रा सामान्यमा ३ वटा शगँसगै समस्या उत्पन्न भयका छन एकातिर कोरोना भाइरसको समस्या महामारीका रुपमा अगाडि आयो, बढिराखेको छ त्यसलाइ कन्ट्रोल गर्न सकेका छैनौ प्रदेश सरकारको कुनै पलान देखियको छैन अर्कोतिर खाद्यान्न संकट एकातिर भयाभह परिस्थिति आउदै छ अर्कोतिर बेरोजगारी समस्या आउदै छ तिन्टाकुरा सगसगै आइराखेको अवस्थामा प्रदेश सरकारसँग कुनै पलान छैन । यदि कुनै पलान बनाउन सक्ने हैन, यो प्रदेशलाइ धान्न सक्ने हैन, यो प्रदेशलाइ अगाडि बढाउन सक्ने हैन, स्वास्थ्यको सुरक्षा गर्न सक्ने हैन, खाद्यको व्यवस्ता गर्न सक्ने हैन, रोजगारिको व्यवस्था गर्न सक्ने हैन, कृषि क्षेत्रमा लगानि गरेर कृषकलाइ अगाडि बढाउन सक्ने हैन भने यो सरकारको के औचित्य रहन्छ? यो प्रदेशमा त्यसकारण सभामुख महोदय यतातिर सरकारकको ध्यान जाओस पिसिआर ट्रिटमेन्ट सवभन्दा बढि यो प्रदेशमा उपयुक्त ठाउमा तुरुन्त पठाउने व्यवस्था होस । यदि त्यो पठाउन सकेन भने हाम्रो यो पर्देशमा रहेका यो भाइरसबाट आक्रान्त ब्यक्तिहरु भोलिको अवस्थामा भयाभह परिस्थिति आउन सक्ने सामुन्नेमा देखिराखेको छ त्यतातिर संघिय सरकारसँग कुरा गरेर पिसिआरको प्रतिशत बढआउनु पर्यो यो प्रदेशमा यदि त्यो बढाउन सकेन भने भोलि हामी फेल हुन्छौ सभामुख महोदय त्यसैले यो सरकार यसमा सजग भयर अगाडि बढोस यो असारे बजेटमा लागेर त्यसमा कलम चलायर चेक काटेर पैसा खल्तिमा हाल्ने काम भन्दा बाहेक अहिले जनता

मरिराखेका छन त्यो मरिराखेको जनतालाइ सुविधा कसरि दिने ति रोगका विरुदमा कसरि लड्ने भन्ने कुरा सोचोस भन्ने आग्रह गर्छु धन्यबाद

**माननीय डिल्ली राज पन्त**

माननीय सभामुख महोदय, अछामको बयलपाटामा एकजना स्वास्थ्य कर्मिले  आत्माहत्या गरेर आफ्नो जीवन गुमायका छन जागिरबाट नालेको कारणले उहाप्रति श्रदान्जलि अर्पण  गर्दछु र अस्ति भर्खरै समाचार हेर्दाखेरि यो कोरोनाको घरको भित्र यो लकडाउनको भित्र पहिला भन्दा अहिले आत्नहत्या गर्नेहरुको संख्याझण्डै दोब्बर भयको समाचारहरु बाहिर आइराख्या छन यो समयमै कोरोनामा नियन्त्रण गर्न सकियन र यसको अरु कुनै उपाय खोज्न सकियन यो ऋम झन बढ्दै जाने छ भन्ने मा कुनै शंका छैन त्यसकारण जनताको मानसिक स्थिति लाइ सन्तुलनमा राख्नका लागि रोजगारिको अभआवमा पनि यस्ता आत्माहत्याका केशहरु भैराख्या छन र यस सन्दर्भमा म यो सरकार सँग अनुरोध गर्न चाहान्छु सिदार्थ आउजीको परिवार लगायत बाकि जो ३३ जना कर्माचारीहरुलाइ नोकरीबाट निकालियको छ उहाहरुलाइ पुनः प्रदेश सरकारले काम देओस भन्ने चाहान्छु किनभने अहिले कोरोनाको समयमा स्वास्थ्य कर्मिको अभाव कर्मचारीको अभाव यथाबत हुदाहुदै भयको कर्मचारीलाइ पनि निकाल्ने काम भयको छ प्रदेश सरकारले त्यता तिर ध्यान देओस भन्ने म चाहान्छु । त्यस पश्चात अस्ति भर्खरै यहाको बिदेश बाट आउने भारतबाट आउने नेपालीहरुलाइ सम्बन्धित जिल्लाहरुमा पठाउको लागि बिभिन्न बसहरु रिजर्ब गरेर पठायका छन तर ति बसमा जाने चालकहरु र सहचालक हरु लाइ मास्क, सेनिटाइजर उनिहरुले लगाउनुपर्ने पहिरिनुपर्ने लुगाहरु भयो उनिहरुको कोरोना टेष्ट गर्ने कुराहरु त्यो नभयर उनिहरुमा त्रास फैलियको छ म सरकारसँग त्यसता बसका चालक सहचालक कर्माचारीको उचित ब्यवस्था गर्नुको सगसगै उहाहरुको पनि कोरोना टेष्टको लागि अनुरोध गर्दछु र अहिले कृषिको समय छ खेतिको समय छ मान्छेले किसानहरुले धआन रोप्ने थालिसकेका छन तर मलको धेरै अभाव यो अभाव गत बर्ष लकडाउन नहुदाखेरि भारतबाट जेनतेन थोराथोरा गरेर पनि ल्याइन्थ्यो, धेरै कस्ट उठायर ल्याइन्थ्यो अहिले त त्यो पनि सम्भावना छैन तसकारण गत बर्ष त अभाव थ्यो नै अब झन त्यसको अभाव खट्किने हुनाले म प्रदेश सरकारसँग यो मलको लागि पनि व्यवस्था गर्न म अनुरोध गर्दछु ।  यहा हामीले कोरोना भित्रिने मान्छेबाट मात्र होइन मालसामानबाट पनि आइराछ यि भारतबाट आउने तरकारिबाट विशेस गरेर यो कोरोना भित्रिने  गर्या छ त्यसकारण भआरतबाट आउने प्रत्येक तरकारिहरुलाइ यो सरकारले रोक्नुपर्छ त्यसबाट कोरोना पनि भित्रिन रोक्न अलि मदत मिल्छ अलि हामी सफल हुन्छौ र सगसगै आफ्नो ग्राह्स्त उत्पादनलाइ  पनि यसले टेवा पुर्याउने भयको हुनाले सरकारले यो भारतबाट आउने तरकारिमा प्रतिबन्ध लगाओस भन्ने चाहान्छु धन्यबाद ।

**माननीय दुर्गा कुमारी कामी**

अछाम जिल्लाको बयलपाटा अस्पतालमा कार्यरत साफेबगर नगरपालिका वडा न ६ का सिद्धार्थ आउजी अस्पतालमा काम गरिराखेकै अवस्थामा त्यो अस्पतालले उहाको जागिरबाट

निकालिसकेपछि उहाले आफ्नो जीवन कुनैपनि अर्थको आधार नपाइसकेपछि, घरपरिवारलाइ पालनपोषण गर्नको लागि उहाले अरु कुनै बिकल्प नदेखेपछि, उहाले आफ्नै शरिरमा पेट्रोल छर्केर उपचारका क्रममा नेपालगञ्ज अस्पतालमा उपचारका क्रममा मृत्यु भयको छ मृतक आउजि मा पुर्ण श्रदान्जली अर्पण गर्न चाहान्छु सोका परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान गरोस भन्ने भन्न चाहान्छु र यो बयलाफाटा अस्पतालमा कार्यरत कर्मचारीलाइ निकाल्ने कुरा चलिराको राख्दा खेरि त्यहा सबै राजनीतिक दल बुदिजिवि र त्यहाका समाजसेविको सुझाव भनेको यो यहाबाट अहिले कर्मचारी अभाव भको बेला र अहिले कोरोनाको कहरको बेला कर्मचारीलाइ निकालिनु हुदैन यसको व्यस्थापन प्रदेश सरकारले र संघीय सरकारसँग समन्वय गरेर हामी गर्छौं भन्दा भन्दै पनि त्यहा निकालियको छ । यो घटना अत्यन्तै दुखद मानव जातिको नदेखाइयको देखिन्छ त्यसकारणले यस घटनाको सत्य तथ्य छानविन पनि होस र उहाको परिवारलाइ क्षतिपुर्ति हितको राहतको व्यवस्था र जागिरको ग्यारेन्टि त्यसै अस्पतालमा होस भन्ने जोडदार माग राख्न चाहान्छु । माननीय सभामुख महोदय प्रदेश सरकारले सवैभन्दा पहिला कोरोना कहर बाट त्रसित भैसकेपछि नेपालमा ठुलो समस्या आउन सक्छ । त्यसमा सुदुरपश्चिम प्रदेश मा बिदेश बाट आउने नागरिकहरु अधिकांश सुदुरपश्चिम प्रदेशमा बाहिर गयर जीवन गुजारा गर्ने ब्यक्तिहरु छन त्यसो भएको कारणले ठुलो महामारी सुदुरपश्चिम प्रदेश मा नआवस भनेर सरकारले होम क्वारेन्टाइनको व्यस्था गरेको थियो । त्यो व्यस्था गर्नको लागि भनेर जुन रकम बिनियोजन गरेर क्वारेन्टाइन स्थापनको लागि सहयोग गर्यो त्यसरि नै सराहनिय काम थियो तर सभामुख महोदय अहिले स्थानीय तहले यि कति क्वारेन्टाइन हरुलाइ व्यस्थापन गर्न सकिराखेको छैन ति क्वारेन्टाइनमा जातीय छुवाछुतको अखडा बनेको छ ति क्वारेन्टाइन मृत्युको अखडा बनेको छ, ति क्वारेन्टटाइनमा अहिले स्थानीय तहको एउटा भ्रष्टाचार गर्ने अखडा बनराखेको छ त्यसो भएको कारणले गर्दाखेरि यो व्यस्थापनमा यसमा अलि जोड देओस भन्ने कुरा स्थानीय तह र प्रदेश सरकारलाई यसमा ध्यानाकर्षण गराउन चाहान्छु । माननीय सभामुख महोदय अहिले कोरोनाले यो दिन प्रतिदिन दिन दुइ गुना र रात चार गुना बढिराखेको अवस्था छ जिल्ला अस्पतालमा साम्रगिको अभाव छ कर्माचारीहरुको अभाव छ त्यहा किटको व्यस्था गर्नु पर्छ । धन्यवाद ।

**माननीय नन्द बहादुर साउँद**

माननीय सभामुख महोदय, विशेष गरी हाम्रो देशमा कोभिड-१९ महामारी रोग फैलियको छ । आज हाम्रो प्रदेश पनि अछुत छैन र हाम्रो प्रदेश अन्तर्गत आज यो कैलाली जिल्ला करिब ५० जना भन्दा बढिको हाराहारिमा यहा देखिन्छ । त्यसो हुदा आज पछिल्लो चोटि इन्डियाबाट आउने जति पनि हाम्रो दाजु भाइहरु छन उनिहरु यो गौरिफन्टा नाका हुदै आफ्नो जिल्ला मा आउनुपर्ने जुन स्थिति छ त्यसो हुदा हाम्रो निर्वाचन क्षेत्र अन्तर्गत लम्किचुवा नगरपालिका, बर्दगोरिया गाउपालिका र मोहन्याल गाउपालिका अन्तर्गत अहिले करिब ४ देखि ५ हजार को हाराहारिमा क्वारेन्टाइनमा बस्नुपर्ने जुन एउटा अवस्था छ र यो सगँसगै बिशेसत उहाहरुको स्वास्थ्य परिक्षणको पिसिआर

गर्नुपर्ने अवस्था थियो सरकारले एक किसिमको काम अगाडि बढाको छ र अजै पनि यलाइ एउटा समय यसो बढायर कसरि हुन्छ उहालाइ यो पिसिआर बिधिमा ल्याउनुपर्छ भन्नि कुरा म यहा राख्न चाहान्छु । अहिले सगै खट्ने जनप्रतिनिधि साथिहरु स्वास्थ्य कर्मि र कर्मिहरुमा पनि यो एक किसिमको समस्या देखिन्छ उहाहरुको स्वास्थ्य परिक्षण गराउनुपर्छ भन्ने कुरा म राख्न चाहान्छु । दोस्रो कुरा क्वारेन्टाइनमा अहिले यत्रो ठुलो मास आइसकेपछी स्थानिय सरकारलाइ ठुलो र गाह्रो भको स्थिति छ त्यसैले यो प्रदेश सरकार र बिसेस गरेर संघीय सरकारबाट आउने जति पनि राहत र ति गष्ठनलाइ आउने जति पनि प्याकेज छ यलाइ यथाशिघ्र अगाडि बढाउनुपर्छ भन्ने कुरा म राख्न चाहान्छू । यो सँगै बिशेसत हाम्रो लकडाउन को बेला जो बयलफाटामा एउटा दुखद जुन घटना घटेको छ आज यो सदनमा ब्यापक कुरा जुन उठको छ त्यहाको सञ्चालन समितिको एउटा कमजोरि यहा खिन्छ त्यसैले यो सञ्चालक समितिको भुमिका प्रति सत्यतथ्य चानविन गर्न लगाउनुपर्छ र दोषिलाइ कारबाहि पनि गराउनुपर्छ भन्ने कुरा म यहा राख्न चाहान्छु जो आज मृतक प्रति म हार्दिक श्रदान्जली र परिवारजनमा म गहिरो समवेदना प्रकट गर्न चाहान्छु । अहिले यो बेला उहाहरु यत्रो समयमा उहालाइ निकालियो यो जसरि पनि उहाको सेवा सुबिधा त्यो अस्पतालले लिनु पर्छ र यो कुरा म भन्न चाहान्छू दोस्रो कुरा विशेस गरेर कैलालि कञ्चनपुरमा अब रोपाइ शुरु हुदै छ र आज किसानहरुमा एउटा मलको को एकदमै अभाव देखिने समस्या छ यो समयमै लकडाउनको बेला मान्छेले पैसा भयर पनि मल किन्न सक्नि छैन दोस्रो कुरा हउमिसँग यातायातको समस्याहरु छ यल्ले गर्दा किसानहरुलाइ ठुलो मर्का पर्ने देखिन्छ त्यसैले समयमा हामी किसानलाइ कसरि मल आपुर्ति गर्न सकिन्छ भन्ने कुरा सरकारले ध्यान दिइराखेको छ र अजे यलाइ अगाडि बढाउन पर्छ भन्ने कुरा म राख्न चाहान्छु अर्को कुरा भनेको जो संघीय सरकार अन्तर्गत जो यो महेन्द्र राजमार्ग छ पश्चिम सम्म ठाउँठाउँमा ठुल्ठुला खाल्डाहरु एकदमै भयको स्थिति छ त्यसैले संघीय सरकारले यलाइ यथाशिघ्र सडक डिबिजनलाइ एउटा आह्वान गरेर माननीय सभामुख ज्यु मार्फत म संघिय सरकारको ध्यानाकर्षण गराउन चाहान्छु धन्यबाद ।

**माननीय नेपालु चौधरी**

माननीय सभामुख महोदय, भारतबाट आउने दाजुभाइ, दिदि बहिनी हरु को अले सबै क्यापसमा, बिद्यालमा, सामुदायिक भवनमा खचाखच भरिभराउ छ यहा एउटा सानो घरमा ५८, ६० जना बस्नुपर्ने अवस्था छ, बाध्यता छ । वडा अध्यक्षहरु लागिपर्नु भको छ भ्याइनभ्याइ हुनुहुन्छ । त्यैपनि व्यस्थापन गर्न सक्नु भको छैन त्यसकारणले म सरकारसँग अनुरोध गर्न चाहान्छु पिसाआर टेष्ट छिटैछिटै गरेर उहाहरुलाइ होम क्वारेन्टाइनमा फर्काउन पाय भय राम्रो हुन्थ्यो किनभने अहिले हामीले सुन्यौ धेरै क्वारेन्टाइनमा बस्नेहरु रातिराति घर जाने बिहान आउने खानासाना दिने वेला पनि यताउता हुने भको कारणले अलिअलि बढि समस्या आयो भन्ने मलाइ लाग्छ त्यसकारणले हामी सवै गम्भिर भयर हाम्रो ध्यान जाओस भन्ने म अनुरोध गर्न चाहान्छु । अर्को कुरा माननीय सभामुख महोदय म सभामुख मार्फत संघीय सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । हाम्रो कञ्चन चौकिबाट बौउनिया फुलबारी हुदै राजमार्ग जोड्ने बाटो अहिले सम्म ६

किलोमिटर बनेको छ, यस्थै सरकारले बजेट छुट्याउन सकेन म सरकार सँग अनुरोध गर्न चाहन्चू संघीय सरकार सँग यो लिङ्क रोडमा कुनै बजेट छुट्याय र सरकारले जुन लक्ष्यका साथ जुन उद्देश्यका साथ बनाएको बाटो हो त्यो उद्येश्य पुरा हुने गरि बनाओस भन्ने अनुरोध गर्न चाहान्छु र अर्को कुरा यहि जङ्गलमा पर्ने होला कि सडकमा एउटा पुल बनेको छ त्यसका दायाँबायाँ माटो पनि राम्रोसँग हालेको छैन त्यो दिनहुदिन अटोरिक्सा पल्टिने, टेक्टर पल्टिने गरेको छ र बर्खा लागेपछि गत बर्ष अलिअलि माटो हाले यस बर्ष त्यतिकै छ त्यसकारणले सभामुख मार्फत त्यो पुलको दायाबाया चाहिने माटो हालेर पिच गर्नाको निमित संघिय सरकारको ध्यानाकर्षण गराउन चाहान्छु धन्यबाद

३. **माननीय सदस्यहरु,**
आजको शून्य समय यही समाप्त हुन्छ ।

४. **माननीय सदस्यहरू,**
अब, **"प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

५. **माननीय सदस्यहरू,**
प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **"प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"**लाई सभा समक्ष प्रस्तुतगर्न अनुमती माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउछु ।

६. **माननीय सदस्यहरू,**
अब, म सामाजिक बिकास मन्त्री माननीय कृष्ण राज सुबेदीलाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित **"प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"**लाई सभा समक्ष टेबुल गर्न अनुमती दिन्छु ।

माननीय सभामुख महोदय नेपालको संविधान बमोजिम नागरिकको स्वास्थ्य सम्बन्धि हकको सुनिश्चितता तथा स्वास्थ्य सेवा पाउने हक कार्यन्वयन गर्न स्वास्थ्य सेवालाइ नियमित प्रभावकारि, सर्बसुलभ गुणस्तरिय तथा सर्बब्यापी पहुचँ स्थापित गर्नाका लागि आवश्यक कानुनी ब्यवस्था मार्फत स्वास्थ्य सेवालाइ सबै सुदुरपस्चिम वासि नागरीकको पहुचमा ल्याउने उद्येश्यका साथ सामाजिक बिकास मन्त्रालय मार्फत, प्रदेश सरकारले प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको बिध्येक २०७६, हामीले अस्ति नै दर्ता गरेका थियो । आज त्यो बिधेयक माथि टेबुल गर्ने अवसर दियकोमा माननीय सभामुख ज्युलाइ धन्यबाद दिदै म यो बिधेयकलाइ टेबुल गर्न चाहान्छू । माननीय सभामुख महोदय प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यस्था गर्न बनेको बिधेयक २०७६ माथि कुनै पनि माननीय सदष्यहरुले बिरोधको सुचना दर्ता नगराइ विधेयकलाइ सभासमक्ष टेबुल गर्न मार्ग गरिदिनु भयकोले सम्पुर्ण माननीय ज्युहरुलाइ धन्याबाद प्रकट गर्न चाहान्छू । यस प्रदेश का नागरिकको स्वास्थ्य सम्बन्धी हकको सुनिश्चितता तथा स्वास्थ्य सेवा पाउने हक कार्यान्वन गर्न र स्वास्थ्य सेवालाइ नियमित, प्रभावकारी सर्बसुलभ र गुणस्तरीय बनाउन आवश्यक भयकोले प्रदेश सरकारले उक्त आवश्यकता महशुस गर्दै प्रस्तुत विधेयकलाइ सचिवालयमा दर्ता गरायको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहान्छू । माननीय सभामुख ज्युबाट विधेयक टेबुल गर्न अनुमति

प्राप्त भयकोले प्रदेश सभा नियमावलि २०७४ को नियम १०६ को उपनियम १ बमोजिम प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ सभासमक्ष टेबुल गर्दछु, धन्यबाद ।

**७.माननीय सदस्यहरू,**

**"प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथिको आजको कार्बाही यही समाप्त हुन्छ ।

**८.माननीय सदस्यहरु**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७७ साल जेष्ठ महिनाको २८ गते बुधबार दिउंसो ३:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु।